# नौकुण्ड गाउँपालिका
# सरमथली, रसुवा
# बागमती प्रदेश, नेपाल




## प्रतिवेदन

## आ.व. २०७७/२०७८ को वार्षिक समिक्षा, चौमासिक समिक्षा आ.व. २०७८/२०७९ तथा सार्वजनिक सुनुवाई कार्यक्रम २०७८ पौष

Table of Contents


१.पृष्ठभूमि :........................................................................................................3

२.उदेश्य :........................................................................................................4

कार्यक्रम संचालन विधि : औपचारीक कार्यक्रम........................................................................4

३.शाखागत रुपमा वार्षिक तथा चौमासिक प्रगति विवरण कार्यक्रम......................................................5

३.१शाखाको नाम : योजना तथा प्रशासन अनुगमन शाखा....................................................................5

३.२ शाखाको नाम :स्वास्थ्य शाखा........................................................................................7

३.३ शाखाको नाम :भौतिक पूर्वाधारतथा वातावरण  शाखा..................................................................11

३.४ कार्यक्रम : प्रधानमन्त्री रोजगार कार्यक्रम..................................................................13

३.५ शाखा : कृषि विकास शाखा...........................................................................................18

३.६ शाखाको नाम : पशु सेवा शाखा........................................................................................20

३.७ शाखाको नामःउद्योग शाखा............................................................................................22

३.८ शाखाको नाम :महिला बालबालिका तथा जेष्ठ नागरिक शाखा.............................................................24

३.९ कार्यक्रमको नाम :सामाजिक सुरक्षा तथा व्यक्तिगत घटना दर्ता प्रणाली सुदृढीकरण आयोजना.........................26

३.१० शाखाको नाम :शिक्षा शाखा..........................................................................................30

४.नौकुण्ड गाउपालिकामा कार्यरतगैर सरकारी संघ संस्थाको प्रगति विवरण...............................................38

४.१ पूर्णिमा कार्यक्रम :...............................................................................................38

४.२ संस्थाको नामः बतास फाउण्डेशन, .....................................................................................41

## “सुन्दर सुखी,सुरक्षित - सुसंस्कृत र समृद्ध नौकुण्ड”

### १.पृष्ठभूमि :

गाउँको विकासमा नागरिकहरुको प्रत्यक्ष सहभागिता होस् नागरिकहरुकै घर दैलोमा सरकारको अनुभूति होस् भन्ने उद्धेश्यले संघीय शासन व्यवस्था लागु गरिए संगै त्यसको परिणाम स्वरुप यस गाउँपालिकाको गठन भई विगतका वर्षहरु देखिनै कार्य प्रारम्भ हुदै आएको भएता पनि यस आर्थिक वर्ष देखि नौकुण्ड गाउँपालिकाले वार्षिक समिक्षा,अर्धवार्षिक समिक्षा,चौमासिक समिक्षा तथा सार्वजनिक सुनुवाई कार्यक्रम संचालन गरि समुदायका जनचाहना,स्थानिय नागरिकहरुको गुनासाहरु, गाउँपालिकालाई थप जिम्मेवारी तथा उत्तरदायि का साथै पारदर्शिताको अवधारणालाई थप परिपक्क बनाउनको लागि नौकुण्ड गाउँपालिकाले वार्षिक, चौमासिक समिक्षा तथा सार्वजनिक सुनुवाई कार्यक्रम गरेको छ ।

वागमती प्रदेशको रसुवा जिल्ला अर्न्तगत रहेको नौकुण्ड गाउॅपालिका १२६.९९ वर्ग कि.मी. मा अवस्थित नौकुण्ड गाउॅपालिका मनोरम धरातलीय भू-बनोट, उच्च भू-भाग, खोला नाला, केही समथल टार,धार्मिक स्थलहरु, बिछट्ट हावापानीको बिशेषताले भरिपूर्ण रहेको छ । त्यसैले यस्को पर्यटकिय र कृषिको प्रचुर सम्भावनाहरु रहेको छ ।

मिति २०७८ पौष १७ गते शनिवार नौकुण्ड गाउँपालिका गाउकार्यपालिकाको नयाँ प्रशासनिक भवन,पारच्याङमा आ.व. २०७७/२०७८ को वार्षिक समिक्षा, चौमासिक समिक्षा २०७८/२०७९ तथा सार्वजनिक सुनुवाई कार्यक्रम सम्पन्न भएको छ। उक्त कार्यक्रमको उद्घाटन तथा कार्यक्रमको अध्यक्षता गाउँपालिका अध्यक्ष श्री नुर्वु स्याङवो घले ज्यूले गर्नु भएको थियो । स्वागत मन्तब्य गाउँपालिका महिला तथा वालवालिका शाखा संयोजक श्री सिता लामिछानेज्यूले गर्नु भएको थियो साथै प्रमुख प्रशासकिय अधिकृत श्री नेत्र राज गिरी सहित ६ वटा वडाका वडाअध्यक्ष लगायत कार्यपालिकाका सदस्यहरु, वडा समितिका सदस्यहरुको सहभागिता रहेको थियो ।

२०७७/२०७८ को वार्षिक समिक्षा, चौमासिक समिक्षा २०७८/२०७९ तथा सार्वजनिक सुनुवाई कार्यक्रममा नागरिक समाजका प्रतिनिधिहरु,राजनैतिक दलका प्रमुख एंव प्रतिनिधिहरु, नौकुण्ड गाउँपालिकामा कार्यरत बिभिन्न राष्ट्रिय गैर सरकारी संस्था, अन्तराष्ट्रिय गैर सरकारी संस्था, का साथै सुरक्षाकर्मि, पत्रकार महासंघ रसुवा जिल्ला शाखाका सचिव, पत्रकारहरु, समाजसेवी,बिद्यालयका प्रधानाध्यापक तथा शिक्षकहरु,बुद्धिजिवि लगायत समाजसेवी स्थानिय वासिन्दाहरुको उल्लेखनिय रुपमा सहभागिता रहेको थियो ।

वार्षिक समिक्षा कार्यक्रममा गाउँपालिकाले आ.व.२०७७/२०७८ मा गाउँपालिकाले सम्पन्न गरी समुदायलाई हस्तान्तरण गरेका कार्यक्रम,योजनाहरु तथा २०७८/२०७९मा चालु अवस्थामा रहेका योजनाहरुको,आ आफनो शाखागत रुपमा शाखा संयोजकहरुले प्रस्तुतिकरण गर्नु भएको थियो ।

**२.उदेश्य :**

वार्षिक समिक्षा,चौमासिक समिक्षा तथा सार्वजनिक सुनुवाई कार्यक्रम संचालन गरि समुदायका जनचाहना,स्थानिय नागरिकहरुको गुनासाहरु, गाउँपालिकालाई थप जिम्मेवारी तथा उत्तरदायि का साथै स्थानिय जनताहरुप्रति जवाफदेहि बनाउने ।

जननिर्वाचित जनप्रतिनिधिहरुको सम्भवत यो अन्तिम वार्षिक समिक्षा तथा सार्वजनिक सुनुवाई कार्यक्रम भएकोले कार्यक्रमको प्रभावकारीता तथा महत्व झन् बढि रहेको थियो ।

**कार्यक्रम संचालन विधि : औपचारीक कार्यक्रम**

- सभाध्यक्ष : नौकुण्ड गाउपालिका अध्यक्ष श्री नुर्वु स्याङवो घले
- ब्याज वितरण कार्यक्रम
- राष्ट्रिय गान
- कार्यक्रम उद्धाटन : सभाध्यक्षज्यू बाट ब्यानर वाचन
- स्वागत मन्तब्य : महिला तथा वालवालिका शाखा प्रमुख नौकुण्ड गा.पा. श्री सिता लामिछाने ।

उक्त कार्यक्रम ३ खण्डमा बिभाजित गरिएको थियो । पहिलो खण्डमा आ.व. ०७७/०७८ को वार्षिक समिक्षा,आ.व. ०७८/०७९ को चौमासिक समिक्षा अर्न्तगत गाउँपालिकामा रहेका शिक्षा,स्वास्थ्य,महिला तथा वालवालिका,गरिवि निवारणका लागि लधु उद्यम बिकास कार्यक्रम,प्रधानमन्त्री रोजगार कार्यक्रम, कृषि तथा पशु सेवा बिकास शाखा,न्यायीक समित, योजना तथा प्रशासन शाखा, पूर्वाधार तथा वातावरण शाखा लगायतका बिषयगत शाखाहरुले आ आफनो शाखाको समिक्षा सहित प्रगति विवरण, भौतिक प्रगतीका साथै वित्तिय प्रगतिको विवरणहरु,आईपरहेका समस्या, चुनौतिका साथै आगामी कार्ययोजनाको प्रस्तुतिकरण गरिएको थियो । यसै गरि बिभिन्न गैरसरकारी संघ संस्थाहरुले पनि आफनो कार्यक्रमको प्रस्तुतिकरण गर्नु भएको थियो ।

कार्यक्रमको दोश्रो खण्डमा सार्वजनिक सुनुवाई अर्न्तगत खुला सत्रमा प्रश्नोत्तर कार्यक्रम रहेको थियो, जस अर्न्तगत गाउँपालिकाले संकलन गरेको नागरिक प्रतिवेदनको नतिजा प्रस्तुत गरिएको थियो । सहभागिहरुबाट उठेका बिभिन्न प्रश्नहरुको सम्बन्धित शाखा प्रमुख तथा प्रमुख प्रशासकीय अधिकृतले जवाफ दिनुभएको थियो ।

- त्यसपछि कार्यक्रमको अन्तिम खण्ड मन्तब्यको कार्यक्रम रहेको थियो । मन्तव्यको क्रममा बिभिन्न राजनितिक दलका प्रमुख एंव प्रतिनिधिहरु, सबै वडाअध्यक्षहरुले मन्तव्य राख्नु भएको थियो । मन्तब्यकै क्रममा प्रमुख प्रशासकीय अधिकृत श्री नेत्रराज गिरी तथा गाउँपालिका उपाध्यक्ष श्री सिर्जना लामाले गाउँपालिकाले गरेको कार्यक्रमहरु तथा कार्यहरु संक्षेपमा राख्नु भएको थियो भने कार्यक्रमका सहभागिहरुले गाउँपालीका भित्रका योजनालाई के कसरी सम्पन्न गरिएको छ, कति बजेट खर्च भएको छ भन्ने विषयमा हरेक नागरीकले थाहा पाउनु अधिकारको कुरा भएकाले गाउँपालीकाले सार्वजनिक सुनुवाई कार्यक्रम गरेर जनताका गुनासा र जिज्ञासा मेटेकोमा शुभकामना व्यक्त गर्नु भयो ।

- कार्यक्रमको समापन सहित आफनो भनाई गाउँपालिका अध्यक्ष श्री नुर्बु स्याङबो घलेज्यूले नौकुण्ड गाउँपालिकाले बिभिन्न योजना तथा कार्यक्रमहरु संचालन गर्दा सबै जनप्रतिनिधिहरुको

सहयोग रहेको तथा आफनो ५ वर्षे कार्यकाल सफल रहेको बताउनुका साथै कार्यक्रमको समापन गर्नु भएको थियो । कार्यक्रमको संचालन पूर्णिमा कार्यक्रमका योजना सल्लाहकार श्री गेहेन्द्र बमले गर्नु भएको थियो ।

कार्यक्रममा गाउँपालिकाका अध्यक्ष नुर्वु स्याङवो घलेले गाउँपालिकाले विकासका कामलाई तिव्रता दिईरहेको बताउनु भयो । स्थानिय तह निर्वाचित भएको अन्तिम वर्ष  भएको र  उहाँले आगामी दिनमा समेत धेरै काम गर्न बाकी रहेको बताउनु भयो । नागरीकका विभिन्न गुनासाहरुलाई सम्बोधन गर्दै अध्यक्ष नुर्वु स्याङवो घलेले कार्यक्रममा उठेका हरेक विषयमा आफुहरु छलफल गरेर अगाडी बढ्ने र ति समस्याहरुलाई समाधान गर्ने प्रतिबद्धता ब्यक्त गर्नु भयो ।

नौकुन्ड गाउँपालीका कृषी क्षेत्र रहेको भन्दै कृषी क्षेत्रमा व्यवस्थित गर्न गाउँपालीकाले निती तयार गरेको बताउनु भयो । गाउँपालीकाको समृद्धिका लागी प्रत्येक नागरिकले आफ्नो दायित्वलाई पनि आत्म साथ गर्नु पर्ने अधिकार खोज्दै गर्दा दायित्व पनि पूरा गर्नु पेनृ वताउनुभयो ।

कार्यक्रममा गाउँपालीका उप प्रमुख सिर्जना लामाले सार्वजनिक सुनुवाई कार्यक्रम पश्चात उठेका गुनासा प्रतिक्रिया र सुझावहरुलाई सम्बोधन पालिकाको योजना तथा कार्यक्रमहरुलाई चुस्त दुरुस्त रुपमा संचालन गर्नको लागि अनुगमन योजना निर्माण गरी कार्यान्वयन गर्ने, प्रतिवद्धता गरिएको थियो साथै लक्षित वर्गको लागि विनियोजन गरिएको रकम लक्षित वर्गमा नै खर्च गर्ने जानकारी दिनु भयो ।

## ३.शाखागत रुपमा वार्षिक तथा चौमासिक प्रगति विवरण कार्यक्रम

### ३.१शाखाको नाम : योजना तथा प्रशासन अनुगमन शाखा

**शाखा प्रमुखको नाम :** श्री पूर्ण बहादुर बुलुन

नेपाल संघीय प्रणालीमा प्रवेश गरेसंगै जनताको सबै भन्दा नजिकको सरकार स्थानीय सरकार हो । जनआकांक्षा अनुरुपको विकासको चाहानालाई परिपुर्ति गर्ने गर्ने सन्दर्भमा सिमित स्रोत तथा साधनको बाबजुत यस गाउँपालिकाले सञ्चालन गरेको बिकास योजनाहरु परिलक्षित उद्देश्य अनुरुप रहेको छ । जनप्रतिनिधिहरुको दुरदृष्टी एवं कर्मचारीहरुको अथक कार्यान्वयन समर्पनले यस गाउँपालिका भित्र सञ्चालित योजनाहरु कोरोनाको माहामारी बीच पनि सफलता प्रमाणित भएको छ ।

संघियता मा देश गए पश्चातको पहिलो कार्यकालमा जनप्रतिनिधिज्यूहरु संग स्थानीय बिकास तथा आवश्यकताका आधारमा योजनाहरु कार्यान्वयन गरिरहेको परिपेक्षमा धेरै सिकाईहरु पनि रहेका छन्,

**आ.व. ०७७/०७८ मा भएका प्रमुख उपलब्धिहरु**

- उपभोक्ता समिति मार्फत सन्चालित जम्मा १४९ (पूर्वाधार बाहेक) योजनाहरु मध्य १४८ योजनाहरु सम्पन्न भएका छन जुन ९८।५. प्रतिशत हुन्छ ।
- ठेक्का मार्फत सम्पन्न ६ योजनाहरु सवै सम्पन्न भएका छन । समग्रमा यस गाउँपालिकाबाट सम्पन्न भएका योजनाहरुको प्रगती शतप्रतिशत रहेको छ ।
- ५ सैयाको स्थानीय अस्पतालको सम्झौता भई निर्माण कार्य अगाढी बढिरहेको छ ।

- पूर्वाधार तर्फ कुल बजेट : १२ करोड ८० लाख ४५ हजार मा कुल खर्च १० करोड १८ लाख २२ हजार

- संघिय सरकारको कार्यक्रममा १ करोड १० लाख मा कुल खर्च १ करोड १ लाख ७४ हजार कुल प्रतिशतमा ८९ प्रतिशत

- प्रदेश सरकार बाट प्राप्त कार्यक्रममा १ करोड २६ लाखमा १ करोड ११ लाख ३४ हजार जम्मा खर्च भएको ।



**आ.व. ०७८/०७९ को प्रथम चौमासिक प्रगती**

- हाल सम्म ५१ वटा योजनाहरुको सम्झौता भई ६ वटा योजनाहरु सम्पन्न भई ६ वटाको भूक्तानी भइसकेको ।
- अन्य योजनाहरु कार्यान्वयनको चरणमा रहेको ।
- फिल्ड प्राविधिकहरुलाई सम्बन्धित कामको जिम्मेवारी प्रदान गरि फिल्डमा खटाईएको ।

**भौतिक प्रगति प्रतिशतमा ९८ प्रतिशत**

**समस्याहरु चुनौतीहरु तथा समाधानका प्रयासहरु**

- एकै उपभोक्त समितिका पदाधिकारीहरु एक भन्दा बढी समितिमा रहेका
- दक्ष जनशक्तिको अभावमा निर्माणका काममा गुणस्तरमा चुनौती
- एउटै प्राविधिकले धेरै योजनाहरुको अनुगमन गर्दा समय अभावका कारण योजनाको गुणस्तरमा चुनौती
- अनुगमन गरिएका योजनाहरुको पनि समयमानै अनुगमन तथा मुल्यांकन प्रतिवेदन नहुदाँ दस्तावेज तथा प्रतिवेदनहरु श्रेष्तामा कठीनाई रहेको ।
- योजना सम्झौता तोकिएको समयमा गरी कार्यसम्पन्न पनि समय सिमा भित्र गर्नुपर्ने,
- उपभोक्ता समितिको क्षमता बिकासको लागि कार्यक्रम सञ्चालन गर्नुपर्ने,
- एक व्यक्ति एक आर्थिक वर्ष एक उपभोक्ता समिति कार्यन्वयन गर्नु पर्ने,

- उपभोक्ता समितिमा तोकिएको संख्यामा महिलाहरुको सार्थक सहभागिता हुनुपर्ने,
- सुचकहरुको प्रयोग गरि योजना अनुगमनलाई प्रभावकारी बनाउनुपर्ने,
- बिकास योजनाहरुलाई सकेसम्म टुक्रा नगरी सिंगो बनाउनु पर्ने,
- गाउँबस्तीबाट योजनाहरु प्राथमिकिकरण गरि योजना बैंक बनाउनुपर्ने ।
- योजनाहरु उत्पादनउन्मुख (productive sector oriented) हुनुपर्ने साथै स्थानिय शासन संचालन ऐन २०७४ बमोजिम योजनाहरु छनौट गर्दा गरिवि न्यूनिकरण हुने, बेरोजगारी लाई सम्वोधन गर्ने, रोजगारी सिर्जना गर्नेगरी कार्यान्वयन गर्नुपर्ने ।
- स्थानिय श्रोत साधनको उपयोगितालाई बढाउनुपर्ने ।
- महिला, विपन्न तथा सिमान्तकृत समुदायलाई सम्वोधन गर्ने खालका योजनाहरु हुनुपर्ने ।




- लैगिक समानता तथा सामाजिक समावेशिकरणलाई मुल प्रवाहमा राखि योजनाहरु कार्यान्वयन हुनुपर्ने ।
- कोभिड १९ बाट प्रभावित समुदायहरुका लागि लक्षित योजनाहरु छुट्याई जिविकोपार्जनमा कार्यक्रमहरु बढाउनुपर्ने ।

**३.२ शाखाको नाम :स्वास्थ्य शाखा**

**शाखा प्रमुख : श्री अण प्रशाद पौडेलले** स्वास्थ्य शाखाले आ.व. ०७७/०७८ मा भएका उपलब्धि तथा आ.व. ०७८/०७९ को चौमासिक ४ महिनामा भएका प्रगति विवरणहरु प्रस्तुती गर्नुभएको थियो ।

| | |
|---|---|
| **आफ्नै जग्गा भएका स्वास्थ्य संस्था संख्या** | ८ |
| **स्वास्थ्य संस्थाको आफ्नै भवन भएका स्वास्थ्य संस्था संख्या** | ५ |
| **निर्धारित मापदण्ड अनुसारका भवन भएका स्वास्थ्य संस्था संख्या** | १ |
| **सेवाग्राही र सेवा प्रदायकको लागि छुट्टै शौचालय भएका स्वास्थ्य संस्था संख्या** | ३ |

| | |
|---|---|
| **सुरक्षित खानेपानीको नियमित उपलब्धता भएका स्वास्थ्य संस्था** | यार्सा, भोर्ले स्वा.चौ. |
| **टेलिफोनको उपलब्धता भएका स्वास्थ्य संस्था संख्या** | ३ |
| **बिद्धुतको उपलब्धता भएका स्वास्थ्य संस्था संख्या** | ८ |
| **सोलार ब्याकअप जडान भएका स्वास्थ्य संस्था संख्या** | ० |
| **कम्प्युटर वा ल्यापटप भएका स्वास्थ्य संस्था** | ६ |
| **इण्टरनेट सुविधा भएका स्वास्थ्य संस्था संख्या** | १ |
| **एम्बुलेन्स सेवाको उपलब्धता भएका स्वास्थ्य संस्था संख्या** | १ |
| **प्लासेण्टा पीट भएका स्वास्थ्य संस्था संख्या** | १ |
| **कर्मचारी आवास भएका स्वास्थ्य संस्था संख्या** | १ |
| **मोटरबाटो पुगेका स्वास्थ्य संस्था संख्या** | ८ |

**पालिकाको नीतिगत दस्तावेज तथा समितिहरूको अवस्था**

| **दस्तावेज** | **अवस्था** |
|---|---|
| **पालिकाको स्वास्थ्य नीति बने नबनेको** | बनेको |
| **पालिकाको सरसफाइ सम्बन्धी ऐन बने नबनेको** | बनेको |
| **पालिकाको आवधिक योजना बने नबनेको** | बनेको |
| **पालिकाको वार्षिक स्वास्थ्य योजना बने नबनेको** | बनेको |
| **पालिकाको संगठनात्मक तथा मानव संशाधन संरचना** (organogram) **बने नबनेको** | बनेको |
| **पालिका स्तरीय स्वास्थ्य समिति बने नबनेको** | बनेको |
| **पालिका स्तरीय गुणस्तर सुधार समिति बने नबनेको** | बनेको |
| **पालिका स्तरीय खरिद समिति बने नबनेको** | बनेको |

कोभिड १९ सम्बन्धी विवरण स**मि**

| क्र.सं. | विवरण | जम्मा |
|---|---|---|
| १. | कुल कोभिड संक्रमित संख्या | १४६ |
| २. | निको भएको संख्या | १४६ |
| ३. | जम्मा PCR टेस्ट संख्या | ३७२ |
| ४. | जम्मा Antigen टेस्ट संख्या | ९१ |
| ५. | PCR test positivity rate | |
| ६. | Antigen test positivity rate | |
| ७. | कोभिडबाट मृत्यु संख्या | २ |
| ८. | कोभिड १९ विरुद्ध खोप लगाएको संख्या | |

| सशर्त तर्फ | | | | | | |
|---|---|---|---|---|---|---|
| चालु | | पूंजिगत | | जम्मा | | |
| बजेट | खर्च | बजेट | खर्च | बजेट | खर्च | खर्च% |
| | | | | १३,७५,६४० | ११,५६,०३० | ८४.०४ |

## नवीनतम एवं आफ्नै पहलमा गरिएका कार्यहरू

| सि.नं. | कार्य | लागत | उपलब्धी |
|---|---|---|---|
| १ | वृहत पोषण कार्यक्रम अन्तर्गत सर्वोत्तम पिठो तथा बिउबिजन बाँडफाँट कार्यक्रम | ५,००,००० | ६ महिना सम्मका बच्चाहरुलाई आमाको दुध मात्र खुवाई ६ महिना पश्चात लिटो खुवाउने भन्ने शिक्षा । |
| २ | कोभिड १९ पश्चात १२ - २३ महिना सम्मका बालबालिकाको पाखुरा नाप कार्यक्रम | ३०,००० | कुपोषणमा रहेका बच्चाहरु पत्ता लगाई उपचार गर्न सहयोग । |

| | | | |
|---|---|---|---|
| ३ | क्षयरोग माईक्रोस्कोपी क्याम्प | ५०,००० | क्षयरोगका बिरामी पत्ता लगाई उपचार गर्न सहयोग । |

**हालको अवस्था, समस्या, चुनौती अवसर र चाल्नपर्ने कदम**

| **विषयहरु** | **हालको अवस्था** |
|---|---|
| आधारभूत स्वास्थ्यको पहुँच र गुणस्तर | टोल,बस्ती सम्म पुगेको ३० मिनेट देखि १ घण्टाको दुरीमा स्वास्थ्य सेवा |
| औषधी व्यवस्थापन | मापदण्ड अनसारका औषधीहरु पर्याप्त भएको |
| जनशक्ति व्यवस्थापन | स्थायी कर्मचारी नभएका कारण मौजद करार सेवामा जनशक्ति भर्ना गरिएको |
| स्वास्थ्य संस्थाहरुको भौतिक पूर्वाधार | निर्माणधीन ४ भवन र निर्माण हुने क्रममा १ वटा भवन |
| विभिन्न तहमा संचालन भएका अस्पतालहरुको सेवा | |
| बहुक्षेत्रिय समन्वय | विभिन्न NGO/INGO संग समन्वय |
| जनसंख्या व्यवस्थापन | विभिन्न तहमा संचालन भएका अस्पतालहरुको सेवा |

**आवश्यक औजार उपकरण सम्बन्धी विवरण**

| ▪ उपकरणको नाम | ▪ आवश्यक परिणाम |
|---|---|
| ▪ Delivery Bed | ▪ पारच्याङ स्वास्थ्य चौकी र यार्सा स्वास्थ्य चौकीमा १/१ थान |
| ▪ Electronic Baby Succion Machine | ▪ पारच्याङ स्वास्थ्य चौकी र यार्सा स्वास्थ्य चौकीमा १/१ थान |
| ▪ Baby Warmer | ▪ पारच्याङ स्वास्थ्य चौकी १ थान |
| ▪ Delivery Set | ▪ पारच्याङ स्वास्थ्य चौकी र यार्सा स्वास्थ्य चौकीमा १/१ थान |

## प्रमुख समस्याहरू

| क्षेत्र | प्रमुख समस्या | समाधानको लागि भएको प्रयास | अबको बाटो/समाधान | जिम्मेवार निकाय |
|---|---|---|---|---|
| स्वास्थ्य सेवा प्रवाह | Birthing Center स्वीकृति | स्वास्थ्य कार्यालयसंग समन्वय गरिएको | Birthing Center स्वीकृति गराउनुपर्ने | स्वास्थ्य निर्देशनालय |
| स्वास्थ्य पूर्वाधार | भवनको व्यवस्था नभएको | ठेक्का प्रकृयाबाट भवन निर्माणको कार्य अगाडि बढेको | हाल अस्थायी भवनमा सेवा सञ्चालन गरिएको | स्वास्थ्य मन्त्रालय |
| स्वास्थ्य सूचना | | | | |
| आवश्यक औषधि | केही औषधी आभव | तत्काले औषधीको आभव पूर्ति गर्न कोटेशन मार्फत स्टाक आउट भएका औषधीहरुको खरिद प्रकृया अगाडि बढाएको | शिलबन्दी दरभाउ पत्र मार्फत खरिद प्रकृया अगाडि बढाएको | गा.पा. स्वास्थ्य शाखा |
| बजेट र वित्तीय ब्यवस्थापन | गा.पा. बाट पर्याप्त बजेट विनियोजन नहुनु | बहस, पैरवी र छलफल प्रकृया अगाडि बढाएको | | |
| नेतृत्व र सुशासन | | | | |

**३.३ शाखाको नाम :भौतिक पूर्वाधारतथा वातावरण शाखा**

**शाखा प्रमुख : ........................**

***आ.ब.२०७७-७८***

***नौकुण्ड गाउपालिकाको केहि महत्वपूर्ण योजना***

***आपचौर ल्होगाउ , रानाटोल खानेपानी योजना***

**-७६.४५ % प्रगति भएको** **विनियोजित रकम रु.**२८,००,०००।

- **१०० घरधुरी लाभान्वित** **खर्च भएको रकम रु.**२२,००,०००।
- **इन्टेक,ट्यांकी, पाइपलाइन, आदि काम गरिएको**

**नेम्रांङ खानेपानी योजना वडा न. ४**

- **९५ % प्रगति भएको** **विनियोजित रकम रु.** ५०,००,०००।

**- निर्माणाधीन** **खर्च भएको रकम रु.** ४३,७५,०००।

**आर.सी.सी ट्यांकी , पाइपलाइन आदि काम भएको**

**पाच्यींङ् लाच्र्याङ्टार सडक**

**- ९३% प्रगति भएको** **विनियोजित रकम रु.** १,४५,७५,०००।

**- ४.५ कि.मि. स्तरोन्नति**

**खर्च भएको रकम**

रु.१,२९,२०,०००।




**- जाली, मेसनेरीवाल,हिउप**

**पाइप कल्भर्ट , बाटो**

**चौडा आदि**

**पाच्यींङ् थाम्चेत खानेपानी**

**९५% प्रगति भएको**

**विनियोजित रकम रु.**

५०,००,०००।

**१५० घरधुरी लाभान्वित**

**खर्च भएको रकम रु.**

४४,००,०००।

**धारा,ट्यांकी, इन्टेक ,पाइपलाइन आदि काम भएको**

| पूर्वाधार | प्रगति | काम |
|---|---|---|
| सडक | १० कि.मि. नया ट्याक<br>३० कि.मि. स्तोरोंन्नती | जाली,नाली,वाल,कल्भर्ट, बाटो चौडा आदि |
| भवन | १४ वटा | वडा,गुम्बा,चर्च ,स्कुल,महिला भवन आदि. |
| खानेपानी | ५०० घरधुरी लाभान्वित | धारो,ट्यांकी ,पाइप लाइन, इन्टेक आदि |
| सिचाई<br>झो.पु<br>E-bidding - | १ हेक्टर समेटिएको<br>४ वटा<br>FY 2077/78<br>FY-2078.79 | तिलसाङ्गो पुल, थाङ्गधोर truss पुल, डीकिखोला पुल, गत्लांग छुमी पुल .<br>8 Nos. Project.<br>3 Nos. Project. |

**३.४ कार्यक्रम : प्रधानमन्त्री रोजगार कार्यक्रम**

**रोजगार संयोजक : श्री राम कुमार लामा**

**बार्षिक कार्यक्रम कार्यान्वयनको भौतिक तथा वितिय प्रगति प्रतिवेदन**

**२०७७/०७८**

**प्रधानमन्त्री रोजगार कार्यक्रम**

पृष्ठभूमि

नेपाल सरकार प्रधानमन्त्री रोजगार कार्यक्रम २०७५/११/०१ गतेबाट नेपाल सरकारले देशमा रहेका बेरोजगार १८ देखि ५९ बर्षा समुहका युवाहरुलाई न्यूनतम १०० दिनको रोजगार दिने उदेश्यकासाथ सन्चालन गरेको कार्यक्रम हो । नेपाल सरकारको संघिय संरचना बमोजिम जम्मा ७५३ वटा स्थानिय तह मध्ये नौकुण्ड गाउँपालिका एक हो । यस गाउँपालिकामा पनि बिगत देखि नै प्रधानमन्त्री रोजगार कार्यक्रमले विभिन्न कार्यक्रमहरु गर्दै आईरहेको र आ.ब.२०७७/०७८ मा पनि वडा नं. १ देखि वडा नं.६ सम्म विभिन्न आयोजनाहरु सम्पन्न गरेको आवगत गर्दछु ।

**रोजगार संयोजकतर्फ (नेपाल सरकार )**

- रोजगार संयोजकको तलव रु.४,६८००० मा बाँकी रु. १८६४७० । फिर्ता भएको ।
- रोजगार संयोजकको पोसाक भत्ता रु. १०००० ।सबै खर्च भएको ।
- स्थानीय भत्ता रु . १७००० मा बाँकि रु .६२९० । फिर्ता भएको ।

**प्राविधिक सहायकतर्फ (IDA)**

- प्राविधि सहायकको तलव रु.३६७००० । मा बाँकी रु. १५६९४० । फिर्ता भएको
- प्राविधिक सहायकको पोसाक भत्ता रु.१०००० । सबै खर्च भएको ।
- स्थानीय भत्ता रु.१४००० । मा बाँकि रु ।.७४७७ फिर्ता भएको ।

**रोजगार सेवाकेन्द्रको सुदृढीकरणतर्फ (IDA)**

जम्मा बजेट रकम रु. १७५००० ।

खर्च भएको रकम रु.१७३६१८ ।

**बाँकी रकम रु .१३८२** । फिर्ता भएको ।

**रोजगार सेवाकेन्द्र सनरचालनतर्फ(IDA)**

जम्मा बजेट रकम रु. ६४०००।

खर्च भएको रकम रु.६२४०० ।

**बाँकी रकम रु. १६००** । फिर्ता भएको ।

**विपन्न श्रमिकको ज्यालातर्फ(IDA)**

जम्मा बजेट  रकम रु.५१,७०,००० ।

खर्च भएको रकम रु .४९,११,८२.३०।

**बाँकी रकम रु.२५८३१७.७ ।** फिर्ता भएको ।

विपन्न श्रमिकको ज्यालामा बिनियोजित रकम जम्मा रु.**५१७००००० ।**- अनुसार  नौकुण्ड गाउँपालिका वडा नं.**१** देखि वडा नं.**६** सम्मका वडाहरुमा जम्मा **१००** जना लाभग्राहीहरुको परिश्रमिक दैनिक काम तथा प्राविधिक स्टामेट अनुसारको प्रत्येक वडामा समावेश जम्मा  सहभागी परिश्रमिक लाभग्राहीको आधारमा प्रत्येक वडामा निम्ना बमोजिमको रकम खर्च भएको तथा बाँकी रकम फिर्त भएको जानकारी गर्दछु ।

**आयोजनाको प्रकार ,बजेट तथा खर्चको श्रोतगत विवरण IDA**

**नौकुण्ड वडा नं.१**

**१) झरनी खोला हुँदै लाङवुसम्म सडक सोलिङ तथा नाली निर्माण  (सडक)**




जम्मा सहभागी परिश्रमिक लाभग्राही सङ्ख्या  -१४

लाभग्राहीको काममा साहभागी दिन सङ्ख्या -१००

महिला साहभागी सङ्ख्या-०४

पुरुष साहभागी सङ्ख्या-१०

जम्मा वितरण भएको रकम रु .७२३८०० (१% कर काटिएको )

**नौकुण्ड वडा नं.२**

**माइ फोवा देखि युल्चेडाँडा मिल्की हुँदै यार्सा स्वागतम गेटसम्म सडक सोलिङ तथा नाली निर्माण (सडक यातायात)**

जम्मा सहभागी परिश्रमिक लाभग्राही सङ्ख्या  -२२

लाभग्राहीको काममा साहभागी दिन सङ्ख्या -१००

महिला साहभागी सङ्ख्या-०७

पुरुष साहभागी सङ्ख्या-१५

जम्मा वितरण भएको रकम रु .११३७४०० (१% कर काटिएको )

**वडा नं. ३**

**१) घिचेत लारच्याङ्टार गोरेटो तथा सडक बाटो निर्माण तथा साँगचौर मन्दुचेत पाटीखर्क हुँदै लाम्राङ गोरेटो बाटो निर्माण (सडक )**

जम्मा सहभागी परिश्रमिक लाभग्राही सङ्ख्या -११

लाभग्राहीको काममा साहभागी दिन सङ्ख्या -१००

महिला साहभागी सङ्ख्या-०४

पुरुष साहभागी सङ्ख्या-०७

जम्मा वितरण भएको रकम रु .५६८७०० (१% कर काटिएको )

**वडा नं. ४**

**१) भुमेथान आकाश देवी मन्दिर जाने बाटो मर्मत तथा निर्माण (सडक)**

जम्मा लाभग्राहीको काममा साहभागी दिन सङ्ख्या -८५.१५ ( नोट: प्राविधिक स्टामेट अनुसार १०० दिन काम नभएको )

सहभागी परिश्रमिक लाभग्राही सङ्ख्या-१५

महिला साहभागी सङ्ख्या-०९

पुरुष साहभागी सङ्ख्या-०६

जम्मा वितरण भएको रकम रु.६६२४१३.९५

**वडा नं. ५**

**१ चिति लामाचेत भदेउरे हुँदै गुरुङ गाँउ गोरेटो बाटो निर्माण तथा भदेउरे नयाँ बस्ती लो गाउँ खोख्लेडाँडा गोरेटो बाटो निर्माण (बाटो )**

जम्मा लाभग्राहीको काममा साहभागी दिन सङ्ख्या -१०० दिन

सहभागी परिश्रमिक लाभग्राही सङ्ख्या -१९

महिला साहभागी सङ्ख्या-१०

पुरुष साहभागी सङ्ख्या-०९

जम्मा वितरण भएको रकम रु.९८२३०० (१% कर काटिएको )

**वडा नं. ६**

**१)गोरखामाला देखि दुप्चेश्वरसम्म गोरेटो बाटो निर्माण ,डोरगाङदेखि छापटोलसम्म गोरेटो बाटो तथा काफल चौरदेखि कोमु सडक सोलिङ तथा नाली निर्माण (सडक तथा बाटो )**



जम्मा सहभागी परिश्रमिक लाभग्राही सङ्ख्या-१९

लाभग्राहीको काममा साहभागी दिन सङ्ख्या -८६ दिन ( नोट: प्राविधिक स्टामेट अनुसार १०० दिन काम नभएको )

महिला साहभागी सङ्ख्या-०२

पुरुष साहभागी सङ्ख्या-१७

जम्मा वितरण भएको रकम रु. ८३९०५७.६७(१% कर काटिएको )

नोट: गाउँपालिकाभरि साहभागी परिश्रमिक लाभग्राही सङ्ख्या जम्मा : १०० (सय जना)

महिला साहभागी सङ्ख्या जम्मा :३६

पुरुष साहभागी सङ्ख्या जम्मा : ६४

**आ.व . २०७७/०७८ मा**

१. सुचिकृत जम्मा बेरोजगार संख्या  - ४२१

२. पुरुष  -३०४ जना

३. महिला -  ३१

४. कुल रोजगारीको काम दिन -९५०५

५. कुल आयोजना संख्या - ६

६. कुल रोजगारी संख्या -१००

जम्मा काम हुनु पर्ने दिन -१०,००० दिन  भएको जम्मा दिन -९५०५ (४९५  दिन मात्र काम नभएको प्राविधिक  स्टामेट अनुसार काम नपुगेको )

**विपन्न श्रमिकको ज्यालातर्फ जम्मा रु.५१७००००। मा**

**विपन्न श्रमिकको ज्यालातर्फ जम्मा फिर्ता  रु. २५८३१७.७ - ।(IDA)**

**विपन्न श्रमिकको ज्यालातर्फ जम्मा फिर्ता  रु. ५०००- ।(नेपाल सरकार)**

**सरकारको जम्मा रु.१९७७६० -।**

**IDA जम्मा रु.४४२१३७.७ -।**

**दुवै गरी जम्मा फिर्ता रकम रु. ६३९८९६.७ - ।**

**जम्मा बजेट रु.६३०००००  - ।(१००%)**

**खर्च भएको बजेट रु .५६६०१०३.३ -। (८९.८४%)**

१०० जनाले सरदर काम गरेको दिन संख्या -९५.०९ दिन (१०० दिन हुनु पर्नेमा)

**मुख्या चुनौतिहरु**

१. कामदरले काम गर्ने खेतलाको सट्टामा पठाउनु ।

२. नेपाल सरकारको ज्याला दररेट अनुसार काममा लगाउन कठिन हुनु ।

३. नेपाल सरकार मन्त्रालय बनाइएको सिमा भित्रको कामदर छनौट गर्दा प्राविधिक  स्टामेट अनुसार काम गर्न नसक्नु।

४. शैक्षिक वेरोजगार युवाहरुलाई सम्वोधन गर्न नसक्नु ।

५.विभिन्न खालको दवाव थेक्नु पर्ने ।

६.भौगोलिक अवस्थाले गर्दा  कार्यस्थालमा समयमा पुग्न नसक्नु ।

७.दैनिक प्रयोगमा आउने हाते आँजार उपलब्ध गर्न नसक्नु ।

**नीतिगत परिमार्जनका सिफारिस**

**सुझावहरु**

**१ नेपाल सरकारको** दररेट भन्दा जिल्लागत स्थानीय दररेट अनुसार काममा *लगाउँनु पर्ने ।*

*२ सुचिकृत वेरोजगारमध्ये कम्तिमा ५० प्रतिसत वेरोजगारलाई रोजगार दिनुपर्ने* ।

३ शैक्षिक वेरोजगार भएको युवाहरुलाई सम्वोधन हुने खालको कार्यक्रम समावेश गर्नु पर्ने ।

**आ.ब. २०७८/२०७९ को लागि** नेपाल सरकार प्रधानमन्त्री रोजगार कार्यक्रम सन्चालनको लागि  निम्न अनुसारको आयोजनाहरु वडा नं. १ देखि वडा नं. ६ सम्म छनौट भईसकेको साथै निम्न बमोजिमको आयोजनाहरु काम सुरु भईसकेको जानकारी गर्दछु।

वडा नं. १ अरुखर्क हुदैँ लुम्वु जाने गोरेटो बाटो निर्माण , केसिङ कोक्ता हुँदै छेपार खोलासम्म सडक सोलिङ ,नाली निर्माण तथा हिमपाईप राख्ने । काम सरु भएको । १७ जना

वडा नं. २ घिचेत खोला देखि यार्सा स्वागतम गेटसम्म खहरे खोला नियन्त्रण तथा व्यवस्थापन साथै युल्चे डाँडा पहिरो नियन्त्रणको लागि जाली भर्ने ,नाली र गारो ल गाउने । काम सरु भएको१७ जना

वडा नं.३  च्योलोङ खर्क देखि लारच्याङटारसम्म सोलिङ ,जाली ,नाली निर्माण र  साँगचौर मन्दुचेत हुँदै क्रेस्सोङसम्म सडक नाली ,जाली तथा सोलिङ निर्माण । काम सरु भएको ।  - १८ जना

वडा नं. ४  निर्कु भूमे मन्दिर जाने गोरेटो बाटो निर्माण तथा मर्मत ,भाङचौर (दोवान) पुलदेखि नगरचेत चौतरासम्म, पाङग्रे दोवान पुल देखि आधीम्राङ सम्म र फोक्टामे टोल जाने गोरेटो बाटो निर्माण तथा मर्मत ।  -१७ जना

वडा नं. ५ खाल्चेत घलेगाँउ हुँदै लोकिल ,नयाँ बस्ती लो गाँउ चौतरा हुँदै घाँयसौरा तथा उख्ले डाँडा आँपचौर हुँदै चिति सम्म गोरेटो बाटो निर्माण ।-१७ जना

वडा नं.६ रिसिङ गुम्वा देखि कर्चे सम्म तथा गोल्मु देखि हिलेसम्म , ब्रपाराङ देखि दरघरी गोरेटोबाटो निर्माण तथा मर्मत -  १७ जना

**३.५ शाखा : कृषि विकास शाखा**
**शाखा प्रमुख : केशव बजगाई**

## परिचय

- उत्पादन प्रणालीसग सम्बन्धित अध्ययन विधा तथा प्रयोगात्मक विज्ञान
- कृषिको सम्बन्ध मानव जीवनको प्राणरक्षा संग सरोकाररित हन्छ
- बालीनाली, पशुपालन तथा फलफुलहरुको सिर्जना, उत्पादन, नवप्रवर्तन, विकास, अनुसन्धान गर्ने विज्ञान
- कृषि उम्पादनमा प्रभाव पार्ने तत्वहरु मैसम, प्राकृतिक प्रकोप, रासायनिक मल, सिचाई, कृषि उर्जा

## महत्व

- जनताको खाद्ययन्नको प्रमुख स्रोत
- कृषिमा आधारित उद्योगका लागि कच्चा पदार्थको प्रमख स्रोत
- विदेशी मुद्रा आर्जन गर्न निर्यातको प्रमुख स्रोत
- नेपाली जनतालाई सबैभन्दा बढी रोजगारी दिने प्रमुख क्षेत्र

## अवसरहरु

- नौकण्डको भौगोलिक तथा जैविक विवविधताले उपलब्ध गराएका विभिन्न सम्भाव्यताहरु
- विदेशिएका युवाहरु सिप, ज्ञान, पुजी, र उन्नत प्रविधिसहित कृषि क्षेत्रमा आकर्षित हुदै जानु
- कृषि प्रति किसानहरुको आकर्षण बढ्नु
- संस्थागत तथा अन्य निजी क्षेत्रहरुसमेतको यस क्षेत्रमा आकर्षण बढ्दै जानु
- कृषि ऋण कृषि बिमा, नया प्रविधिहरुको उपयोग र सिचाइ सुविधामा हुदै गरेको विस्तार समेत यस क्षेत्रको अवसर

## बजेट खर्च

- नौकण्ड गा.पा आ.व २०७७०७८ मा जम्मा बजेट ४०२५०००।
- शसत्तः अनुदान १२,०००००।
- जम्मा खर्च भएको रकम २४८००००,
- सशक्त बजेट खर्च हुन जसकेको -विविध कारणले गर्दा)

## वित्तिय प्रगति (आ.व २०७७०७८)

- तरकारी फलफुल र साधान बालिहरु सम्बन्धी प्राविधिक ज्ञान सिप प्रदान
- पलाष्टिक टनेल वितरण ९० वटा ५० प्रतिसत अनुदान
- ५० प्रतिशत अनुदान ट्याकटर वितरण ५ वटा
- ७५ प्रतिशत कोदो चुट्ने मेसिन वितरण ३ वटा
- विषादी वितरण
- ५० प्रतिशत कृषि सामाग्री वितरण पाइप,स्प्रेयर,फिरफिरे आदि
- हिउदे विरुवा वितरण ५० प्रतिशत अनुदान (किवि, ओखर, स्याऊ)
- फर्म प्रर्बद्दन कार्यक्रम तथा युवा लक्षित कार्यक्रम

## समस्या

- समयमा कार्यक्रम संचालन नपाएर किसानहरुलाई आवश्यक पुरा गर्न सकिएन
- कोरोनाले गर्दा कार्यक्रम संचालनमा पुर्ण बाधा
- वर्षको अन्तिम अन्तिममा कार्यक्रम गर्नाले कुही कमजोरी सृजना
- वर्षायामका कारण पहिलो चौमासिक कार्यक्रम गर्न सकिएन
- प्र.प्र.अ सरुवा भएका कारण हालसम्म सबै कार्यक्रम गर्न नसक्नु

**आ.व २०७८।०७९को बजेट शिर्षक  पहिलो चौमासिकमा गरिएको काम**

- नौकुण्ड गा.पा बाट जम्मा रकम ३०,००,०००
- मिनिकिट वितरण
- कृषि सामागी वितरण पाइप,स्प्रेयर,हजारी,सिकेचर
- विषादि वितरण

आगामि कार्य योजना

- वित्तिय समानिकरणको रकमलाइ किसान समक्ष लैजाने
- उचित कार्यक्रम आबश्यक  मान्छे लाइ मात्र प्रधान गर्न पहल गर्ने
- समुह सहकारी फर्म लाइ जोड दिने
- दोहोरो अनुदान प्रदान नगर्ने
- सिफारिस सेवा
- समुह दर्ता तथा नविकरण
- कृषि विकास शाखाको नियमित कार्यहरु
- कृषि  जिवनम मुलश्य : अर्थात हाम्रो जिवनको आधार भनेको नै कृषि कर्म हो ।

३.६ शाखाको नाम : **पशु सेवा शाखा**

**शाखा प्रमुखको नाम : सुमन घिमिरे**

३) आ.व. ०७७/०७८ मा भएका प्रमुख उपलब्धिहरु (बुलेटमा संक्षेपमा उल्लेख गर्ने कम्तिमा १० वटा)

- ✓ विनियोजित कार्यक्रम २२ मध्ये १६ वटा सम्पन्न।
- ✓ संघिय सशर्त बजेटको ४ कार्यक्रम मध्ये ३ वटा प्रमुख कार्यक्रम सम्पन्न।
- ✓ बाख्रा पकेट विकास कार्यक्रम व्यवस्थित तवरबाट संचालन।
- ✓ माछा पकेट कार्यक्रम व्यवस्थित तवरबाट संचालन।
- ✓ चौरी प्रवर्द्दन कार्यक्रम संचालन र समापन।
- ✓ भाईरसबाट हुने रोग विरूद्ध विभिन्न रोगको भ्याक्सिनेशन कार्यक्रम सम्पन्न।
- ✓ युवा आक्रषण गर्न युवा लक्षित कार्यक्रम सम्पन्न।
- ✓ व्यवसायिक पशु पालन अभ्यासका लागि उन्नत जातको बोका वित्तरण।
- ✓ कृषकहरूलाई व्यवसायमा जागरूक गराउन विभिन्न व्यवसायिक तालिम सम्पन्न।

✓ घाँस विकासको लागि उन्नत जातको घाँसको बिउँ तथा घाँसको बिरूवा वितरण।

**क) आ.व. ०७८/०७९ को प्रथम चौमासिक प्रगती**

- हिउँदे घासको बिउँ वितरण।
- प्राथमिक उपचारको लागि औषधि खरिद गरि वितरण गरिदै।
- ४ नं. वडामा महामारी जन्य रोगको शंका भई धेरै संख्यामा बाख्रा मरेको अवस्थामा रोकथामको लागि निरन्तर प्रयास र प्राविधिक सहयोग।

**४) भौतिक प्रगति प्रतिशतमाः**

**५) बित्तिय प्रगति बजेट सहित प्रतिशतमा :**

| क्र.सं. | स्रोत | विनियोजित बजेट २०७७/७८ | खर्च | बाँकी बजेट प्रतिशतमा |
|---|---|---|---|---|
| १ | निशर्त बजेट | ४०,७०,०००/- | ३४,८०,०००/- | ८६% |
| 2 | सशर्त बजेट | ५६,00,000/- | ५०,00,000/- | ८९% |

**६) आईपरेका समस्याहरु :**

- **कोभिड-19 को कारणले कार्यक्रम संचालन गर्न कठिनाई भएको।**
- **व्यवस्थित प्रयोगशालाको अभावको कारण रोगहरूको पहिचान समाधान गर्न समस्या भएको।**
- **सूचना आदान-प्रदान गर्न असहज।**

**७) चुनौतीहरु तथा समाधानका प्रयासहरु :**

- **किसानहरूमा परम्परागत व्यवसाय प्रणाली अवलम्बन भईरहेकोले व्यवसायिक बनाउन असहज।**
  **-समाधानका प्रयासः किसानहरूमा व्यवसायिक बनाउन जागरूक किसानलाई छनोट गरि तालिम, गोष्टि र प्राविधिक सहयोग गरि व्यवसाय उन्मुख बनाउन सकिने।**

**८) आगामी कार्य योजना आदी :**

- **आ.व.७८/७९ मा छुटिएको बजेटको सहि र व्यवस्थित तवरबाट संचालन गरि कार्यक्रम गरिने।**
- **गाउँपालिकाको विभिन्न वडामा पशुपंक्षि पालनको संभाव्यता अध्ययन गरि पहिचान गरि आगामी आ.व.मा विभिन्न कार्यक्रमहरू संचालन गर्न सहज गरिने ।**

**३.७ शाखाको नामःउद्योग शाखा**
**शाखा प्रमुख : कृष्ण प्रशाद न्यौपाने**

## गरिवी निवारणका लागी लद्यु उद्यम विकास कार्यक्रम
## वार्षिक प्रगति प्रतिवेदन ।

आर्थिक वर्ष २०७७/२०७८ मा यस गरिवी निवारण्का लागी लद्यु उद्यम विकास कार्यक्रममा भएका प्रमुख उपलब्धिहरु

गरिवी निवारणका लागि लद्यु उद्यम विकास कार्यक्रम नेपाल सरकारको संघिय शर्सत अनुदानमा आधारित कार्यक्रम रहेको हुनाले लद्यु उद्यम विकास कार्यक्रम मोडलमा आधारित रहि कार्यक्रम संचालन गरिएको थियो ।

| उद्यमी सिर्जना तथा स्तरोन्नतिका लागि बजेट तर्जुमाको दायरा | | | | |
|---|---|---|---|---|
| आर्थिक वर्ष २०७७।०७८ | | | | |
| क्र.सं. | क्रियाकलाप | बजेट प्रतिशत दायरा | बिनियोजित प्रतिशत | बजेट रु. |
| **नयाँ उद्यमी सृजना** | | | | **2,380,000.00** |
| १ | **उद्यम विकासका लागि सामाजिक परिचालन** | **३ प्रतिशत सम्म** | 2 | 47,600.00 |
| २. | **उद्यमशिलता विकास तालिम(आफ्नो व्यवसाय सुरु तथा सुधार गर्नुहोस् )** | **७ देखि ९ प्रतिशत सम्म** | 8 | 190,400.00 |
| ३. | **प्राविधिक सीप विकास तालिम** | **३५ देखि ४१ प्रतिशत सम्म** | 37 | 880,600.00 |
| ४. | **प्रविधि हस्तान्तरण** | **१५ देखि १८ प्रतिशत सम्म** | 16 | 380,800.00 |
| ५. | **वित्तिय सेवामा पहुँच** | **३ देखि ४ प्रतिशत सम्म** | 3 | 71,400.00 |
| ६. | **बजारिकरणमा सहयोग** | **३ देखि ५ प्रतिशत सम्म** | 3 | 71,400.00 |
| ७. | **उद्यम विकास सहजकर्ता परिचालन** | **२४ देखि ३३ प्रतिशत सम्म** | 25 | 595,000.00 |

| | | | | | |
|---|---|---|---|---|---|
| ८. | बैठक ,**अनुगमन , मूल्याङ्कन तथा दैनिक भ्रमण भत्ता** | | | 6 | 142,800.00 |
| | **भइरहेको लघु उद्यमीको स्तरोन्नती तर्फ** | | | | **620,000.00** |
| **१** | **उद्यमीहरुको स्तरोन्नती पुनर्ताजगी तथा एड्भान्स सीप विकास तालिम** | | **१०० प्रतिशत** | 100 | 480,000.00 |
| **२** | **समूहमा प्रविधि हस्तान्तरण** | | **१०० प्रतिशत** | 100 | 140,000.00 |
| | **कुल प्राप्त बजेट** | | | | **3,000,000.00** |

**ख) नयाँ उद्यमी सिर्जना तर्फ**

१. ढाका बुनाई तालिम १४ जना , ९० दिन
२. होजियारी ३१ जना, ४५ दिन
३, कुक तालिम ११, ३० दिन
४, च्याउ खेति तालिम १७ जना, ५ दिन
५, बाइक मर्मत ३ जना, ३० दिन
